# वैधानिक न्यूनतम ज्याला अन्तर्गत
# अपागं व्यक्तिहरुको उत्पादकत्व मूल्याकंन

# Productivity Assessment for Persons with Disabilities under the Statutory Minimum Wage Regime
## (Nepali version)

勞工處
Labour Department

法定最低工資
Statutory Minimum Wage

## वैधानिक न्यूनतम ज्याला व्यवस्था अन्तर्गत अपागं कर्मचारीहरुका अधिकार तथा सुविधाहरु

वैधानिक न्यूनतम ज्याला अध्यादेश ("MWO") मे १ २०११ देखि लागु हुदैछ र प्रारम्भिक वैधानिक न्यूनतम ज्याला("SMW") को दर २८ डलर प्रति घण्टा हुनेछ । अपागं कर्मचारीहरुले पनि सोहि SMW संरक्षण पाउने र कम से कम प्रति घण्टा २८ डलर दरले ज्यालाको हकदार हुनेछन् । तथापि केहि अपागं व्यक्तिहरुलाइ रोजगारमा समस्याहरुको सामना गर्न पर्ने सम्भावना भएकोले, MWO ले एक विशेष व्यवस्थाको पनि आयोजना गरिदिएको छ ताकि अपागं व्यक्तिहरु जसको अपागंताको कारणले आर्जनशक्तिमा क्षति पर्ने सम्भवना हुन्छ , उनिहरुले आफ्नो आर्जनशक्तिको मूल्याकंन गराउने अधिकार पाउने छन् जसबाट पारिश्रामिक SMW को स्तरमा दिइने वा आर्जनशक्ति अनुरुप दिइने निर्धारित हुनेछ ।

**दुरुपयोग रोकथामको लागि उत्पादकत्व मूल्याकंन ("मूल्याकंन") आव्हान गर्ने अधिकार रोजगारदाताहरुमा नभएर अपागं व्यक्तिहरुमा निहित गरिएको हुन्छ । मूल्याकंन गराउन नचाहेका अपागं व्यक्तिहरुका हकमा तिनको रोजगारदाताले MWO को अनुकूल भई SMW को स्तर भन्दा कम नहुने गरी भुक्तान गर्न पर्नेछ ।**

## मूल्याकंन आव्हानका लागि मापदण्ड तथा प्रकियाहरु

**मूल्याकंन गराउन पाउने अधिकार प्राप्त गर्न अपागं व्यक्तिहरुसगं श्रम तथा कल्याण पुनर्वसन विभागका लागि केन्द्रिय रजिष्ट्रद्वारा मान्यता प्राप्त "अपागं व्यक्तिहरुका लागि रेजिस्ट्रेशन कार्ड " साथमा हुनुपर्दछ ।**

रेजिस्ट्रेशन कार्ड आवेदन पत्र श्रम तथा कल्याण पुनर्वसन विभाग केन्द्रिय रजिष्ट्र, प्रासंगिक गैर सरकारी सगंठन तथा गृह मन्त्रालय विभागका जिल्ला कार्यालयहरुबाट प्राप्त गर्न सकिन्छ । साथै श्रम तथा कल्याण विभागको वेबसाइटबाट

(www.lwb.gov.hk/eng/forms/) पनि डाउनलोड गर्नसकिन्छ । सो कार्ड बनाउन र नविकरण गर्न कुनै शुल्क लाग्ने छैन । कार्ड आवेदन सम्बन्धि सोध पूछका लागि २८१० ३८५९ वा २८१० ३८६१ वा २८१० ३८४१ मा फोन गर्न सक्नुहुन्छ ।

MWO को १ मे २०११ मा लागु पछि, नव नियोजित अपागं व्यक्तिहरुले रोजगार शुरु गर्न अघि रोजगारदातालाइ आफू रोजगारको परिक्षण काल ("परिक्षण काल") भोग्नलाइ सहमति दिन पर्दछ । [नोट] परिक्षण कालको मुख्य उदेश्य मूल्याकंन अघि अपागं व्यक्तिहरुलाइ वास्तविक कामको वातावरणसगं परिचित गराउनु तथा रोजगारमा स्थापित गराउनु हो । परिक्षण कालको अवधि ४ हप्ताको वा अपागं व्यक्तिको

मूल्याकंन पूरा भएको दिनसम्म, जुन अवधि कम हुन्छ त्यहि हुनेछ । परिक्षण कालको समय अपागं व्यक्ति रोजगार कारानमाका अनुसार रोजगारदाताद्धारा नियोग कर्मचारी मानिने हुनाले पारिश्रमिक कम से कम SMW को ५०% को दरले गरिनपर्छ। यदि परिक्षण कालको अन्त्य पहिले अपागं व्यक्ति र रोजगारदाता दुवैले सयुंक्त रुपमा रोजगार परिक्षण कालको अवधि बढाउन आवेदन दिएको खण्डमा विशेष परिस्थितिमा श्रम विभागले परिक्षण कालको अवधि बढाउन अनुमति दिन सक्नेछ। थप जानकारीका लागि श्रम विभाग सोध पूछ हटलाइन २७१७ १७७१ मा फोन गर्नु होला ।

नोट : MWO को १ मे २०११ मा लागु पछि जागिरमा लागि सकेका अपागं व्यक्तिहरुले पनि मूल्याकंनका लागि आव्हान गर्न सक्नेछन् । यदि मूल्याकंन आव्हान गर्ने समय रोजगार कारानमामा उल्लेखित शर्तहरुमा र गरि आइरहेको काममा कुनै भिन्नता नभए अपागं व्यक्तिहरुले परिक्षण काल नभोगी मूल्याकंन गरिनेछ । तर, यदि रोजगार कारानमामा उल्लेखित शर्तहरुमा र गरि आइरहेको काममा भिन्नता हुने भएमा, परिवर्तन हुन अघि नै अपागं व्यक्तिहरुले रोजगारदातालाई आफू परिक्षण कालमा रहनुलाई सहमति दिन पर्नेछ ।

## मूल्याकंन अवधि

मूल्याकंनको उदेश्य रोजगार कारानमा माग गरिएका कामहरु

पूरा गर्नमा र आर्जनशक्तिमा अपागं व्यक्तिको अपागंताले कति हद सम्म प्रभावित गर्दछ भन्ने निर्धारित गर्नु पर्ने हुनाले मूल्याकंन यथार्थ कार्यस्थलमा गरिएको हुनुपर्दछ ।

मूल्याकंन एक अनुमोदित निर्धारक ("निर्धारक") द्धारा गरिन पर्दछ । अपागं व्यक्तिलाई कुनै पनि निर्धारक चुन्ने अधिकार हुनेछ । निर्धारकले आर्जनशक्ति मूल्याकंन आफुसगै एकै संगठन वा सह संगठन अथवा आफूले सिफारिश गरेको संगठन वा सह संगठनमा काम गर्ने अपागं व्यक्तिको गर्न पाउदैन ।

निर्धारकहरुको जानकारी अनुमोदित निर्धारकहरु पजिंकामा राखिएको छ । **अपागं व्यक्तिहरुले श्रम विभागको गृहपृष्ठमा ब्राउज गरी (www.labour.gov.hk)** वा तल दिइएका श्रम विभाग शाखाका कार्यालयहरुको पजिंकामा कार्यालय समय भित्र गई अनुमोदित निर्धारक पत्ता लगाउन सक्नेछन् (बिदाको दिन बाहेक सोमबार देखि शुक्रबार बिहान ९ बजे देखि दिउंसो १ बजे र दिउंसो २ बजे देखि साझ ६:१५सम्म)

वैधानिक न्यूनतम ज्याला विभाग

1/F, Harbour Building, 38 Pier Road, Central, Hong Kong

<u>चयनात्मक नियुक्ति विभाजन</u>

| | |
|---|---|
| Hong Kong office: | G/F, East Wing, Harbour Building, 38 Pier Road, Central, HK |
| Kowloon office: | G/F, Ngau Tau Kok Government Offices, 21 On Wah Street, Ngau Tau Kok, Kowloon |
| New Territories office: | 2/F, Tsuen Wan Government Offices, 38 Sai Lau Kok Road, Tsuen Wan, New Territories |

मूल्याकंन अपागं व्यक्ति, रोजगारदाता र निर्धारकले सहमत भएको तारिखमा हुनेछ । यदि अपागं व्यक्तिले MWO अनुरुप परिक्षण कालमा रहेर काम गर्न चाहन्छ भने, सिद्धान्तको अनुसार मूल्याकंन त्यहि परिक्षण कालमा हुनपर्दछ ।

<u>**सरकारले निर्धारकहरुलाई दिनपर्ने शुल्क बेर्होनेछन् । मूल्याकंनको लागि निर्धारकहरु वा अरु कुनै व्यक्तिलाई अपागं व्यक्ति र रोजगारदाताले कुनै भुक्तानी दिनु पर्ने छैन ।**</u>

## अनुमोदित निर्धारकका लागि मापदण्ड

निम्न लिखित श्रेणिका व्यक्तिहरु अनुमोदित निर्धारकका शामिल हुनेछन्:

- रेजिष्टर्ड व्यावसायिक चिकित्सक, फिजियो थेरापिष्ट, सामाजिक कार्यकर्ताहरु जोसगं कम से कम ३ वर्षको व्यावसायिक पुनर्वासको अनुभव छ वा अपागं व्यक्तिहरुसगं सम्बन्धित सेवाहरुमा हालको तुरुन्त ७ वर्ष देखि लागेका
- हालमा नियोजित व्यावसायिक पुनर्वास चिकित्सक वा श्रम विभाग मान्यता प्राप्त सगंठनद्धारा नियोजित भई कम से कम ५ साल व्यावसायिक पुनर्वास प्राभधानमा लागेका वा अपागं व्यक्ति रोजगारसगं सम्बन्धित अरु सेवाहरुमा हालको तुरुन्त १० वर्ष देखि लागेकाहरु; र मान्यता प्राप्त सगंठनहरुको सिफारिसमा अनुमोदित निर्धारक बन्न

अनुमोदित निर्धारक बन्नलाई सबै याग्य व्यक्तिहरुले श्रम विभागद्धारा आयोजित प्रशिक्षण सतोषजनक पूरा गर्न पर्नेछ ।

## मूल्याकंनका मौलिक सिद्धातहरुं

निर्धारकले मूल्याकंन आयोजना गर्न पहिले अपागं व्यक्ति र रोजगारदातालाई MWO द्धारा निर्धारित गरिएका शर्तहरु अनुसार उनिहरुको अधिकार र उत्तरदायित्त्व बारे व्याख्या गर्नुपर्नेछ । विशेष रुपमा, मूल्याकंन आव्हान गर्ने अधिकार रोजगारदातालाइ नदिइ अपागं व्यक्तिहरुलाइ दिइएको छ । मूल्याकंन अवधिभर निर्धारक न्यायी र निष्पक्ष हुनुपर्दछ । निर्धारकलाई यो अनिवार्य हुने छ कि मूल्याकंन सचांलनको अवधि भित्र उनको मूल्याकंन गर्ने कर्तव्य र उनको अरु दिलचस्पीमा कुनै टकरार आउने छैन ।

## मूल्याकंन गरिने तरिका र प्रकियाहरु

मूल्याकंन आयोजन गर्दा निर्धारकले रोजगारदाता, अपागं कर्मचारी र यदि सभंव भए प्रासंगिक व्यक्ति/व्यक्तिहरु जसबाट कामको बारेमा ज्ञान प्राप्ति हुनेछ (जस्तै उस्तै किसिमका काम गर्ने अन्य रोजगारदाताका कर्मचारी/कर्मचारीहरु) बाट अपागं कर्मचारीले गर्ने कामको कामका विशेषता, आवश्यकता, प्रकिया  विस्तृत जानकारी एकत्र गर्नपर्दछ । ती विस्तृत कामको जानकारीको आधारमा निर्धारकले आफ्नो पेशेवार विशेषज्ञताको प्रयोग गरि उचित कामका पक्षहरु जस्तै कामको गति, मात्रा, र गुणस्तर वा अन्य काम पूरा गर्नलाई जरुरत मागहरुको ध्यानमा राखि मूल्याकंनको निर्णय गर्नुपर्नेछ । ती उल्लेखित पक्ष/पक्षहरुलाई समेटेर, निर्धारकले उचित माध्यमद्धारा जस्तै अवलोकन र विश्लेषण अपनाई अपागं कर्मचारीको आर्जनशक्ति स्तरको मूल्याकंन गर्नुपर्नेछ । सबै तथ्य र सबूतहरुको उपलब्ध पछि मूल्याकंन गरिएका दिन यदि निर्धारकलाई अपागं कर्मचारीको कार्यप्रर्दशन तथा आर्जनशक्तिको स्तरमा कुनै नकारात्मक प्रभावको असरले अपागं कर्मचारीले पूर्ण क्षमताका साथ कार्यप्रर्दशन गर्न असफल भएको खण्डमा निर्धारकले जायजरुपमा अपागं कर्मचारीको आर्जनशक्तिको स्तर बढाउन सक्नेछन् ।

## मूल्याकंन परिणाम

मूल्याकंन आयोजना तुरुन्त पश्चात निर्धारकले अपागं कर्मचारी र रोजगारदातालाई आर्जनशक्तिको स्तर प्रकट गरि मूल्याकंन प्रमाणपत्र ("प्रमाणपत्र") प्रदान गर्नुपर्छ । प्रमाणपत्र निर्धारकद्धारा हस्ताक्षर भएपछि मूल्याकंन पूरा भएको मानिने छ । मूल्याकंन पश्चात, अपागं कर्मचारीको फेरी त्यही रोजगारदाताबाट नियुत्त त्यही कामको लागि मूल्याकंन गरिने छैन ।

यदि मूल्याकंन परिक्षण काल भित्र पूरा भएमा वा परिक्षण काल अपागं व्यक्तिलाई, प्रमानपत्र अपागं कर्मचारी र रोजगारदाताद्धारा प्रतिहस्ताक्षरित भएको पहिलो दिन देखि

अपागं कर्मचारीलाई लागू हुने न्यूनतम ज्यालाको स्तर प्रमानपत्रमा प्रकट गरिए अनुरुप मूल्याकंन गरिएको उत्पादकता स्तर भन्दा कम हुनुहुदैन, अर्थात:

| | | | | |
|---|---|---|---|---|
| मूल्याकंन पछि अपागं व्यक्तिको न्यूनतम ज्याला स्तर | = | प्रमानपत्रमा प्रकट मूल्याकिंत उत्पादकता स्तर | × | SMW दर (२८ डलर प्रति घण्टा) |

जहाँ परिक्षण कालको समाप्त पछि मूल्याकंन पूरा हुन्छ, प्रमाणपत्र रोजगारदाता र अपागं व्यक्तिद्धारा प्रतिहस्ताक्षरित पछि न्यूनतम ज्याला प्रमाणपत्रमा प्रकट आर्जनशक्ति स्तर अनुकूल परिक्षण काल समाप्त भएको पहिलो दिन देखि लागू हुनेछ ।

**मूल्याकंन पछि पनि प्रमानपत्रमा उल्लेखित उत्पादकत्वको स्तर अनुकूलको न्यूनतम ज्याला कियाशिल हुनलाई अपागं व्यक्तिले "अपागं व्यक्तिहरुका लागि रेजिस्ट्रेशन कार्ड" सधै साथमा राख्नु पर्ने कुरालाई जानकारीमा राख्नुपर्छ ।** कुनै पनि "अपागं व्यक्तिहरुका लागि रेजिस्ट्रेशन कार्ड" को कियाशिल काल समाप्त हुन अघि नविकरण गराउन पर्नेछ ,अन्यथा "अपागं व्यक्तिहरुका लागि रेजिस्ट्रेशन कार्ड" अमान्य भए बापत रोजगारदाताले कर्मचारीलाई कम से कम SMW को दरले भुक्तानी गर्नुपर्नेछ । त्यसकारण दुवै रोजगारदाता र कर्मचारीले "अपागं व्यक्तिहरुका लागि रेजिस्ट्रेशन काड" को समाप्ति कालको ध्यान राख्नपर्छ ।

कुनै कारणवस अपागं कर्मचारी वा रोजगारदाताले प्रमाणपत्रमा हस्ताक्षर गर्न असफल भए अपागं कर्मचारीलाई मूल्याकंन समाप्त भएको पहिलो दिन देखि कम से कम SMW को दरले भुक्तानी गर्नुपर्नेछ ।

## वैधानिक न्यूनतम ज्याला कार्यान्वयन अघि सकंमनकालीन व्यवस्था रोजेका अपागं कर्मचारीहरुको सेवा प्रदान गर्दा

१ मे २०११ MWO को कार्यान्वयन पूर्व रोजगारमा नियुत्त र SMW दर भन्दा कम कमाई भएका (२८ डलर प्रति घण्टा) अपागं व्यक्तिहरुले रोजगारदातासगँ सयुंत्त रुपमा श्रम विभागद्धारा निर्देशित विकल्प फारम मे १ २०११ भन्दा पहिला पूरा भरि र हस्ताक्षर गरि मूल्याकंनका लागि आवेदन दिन पाउनेछन् र १ मे २०११ SMW को कार्यान्वयन पश्चात कुनै पनि समय मूल्याकंन आव्हान गर्न पाउनेछन् । मूल्याकंनको लागि कुनै सिमित समय हुनेछैन, कुनै पनि समयमा गरिनसकिने छ तबसम्म जबसम्म

उनिहरुलाइ रोजगारदाताले सम्बन्धित कामका लागि नियुक्त गर्नेछन् र उनिहरुसगँ मान्यता प्राप्त “अपागं व्यक्तिहरुका लागि रेजिस्ट्रेशन कार्ड” साथमा हुनुपर्नेछ । मूल्याकंन पूर्व उनिहरुको तलब वर्तमान करार स्तर ज्याला भन्दा कम हुनेछैन । अन्तरिम कालमा SMW दरको समायोजना गर्न पनि सकिनेछ । ध्यानमा यो राख्न जरुरी छ कि मे १ २०११ पश्चात पनि अपागं कर्मचारीको माग मान्य हुनलाई उनिहरुसगँ मान्यता प्राप्त “अपागं व्यक्तिहरुका लागि रेजिस्ट्रेशन कार्ड” साथमा हुनुपर्नेछ ।

## सोधपूछ

ध्यानमा यो राख्नुहोस् कि MWO को अनुवाद (अध्याय ६०८) मूल प्रकरणको आधारमा हुनेछ । MWO को पूर्ण प्रकरण न्याय विभागका दोभाषिय कानून सूचना प्रणाली www.legislation.gov.hk/eng/index.htm मा अपलोड भैसकेको छ । थप जानकारीका लागि निम्नलिखित माध्यमद्धारा श्रम विभागमा आवेदन गर्नुहोस् :

| | |
|---|---|
| २४ घण्टे टेलिफोन हटलाईन | टेलिफोन: २७१७ १७७१<br>( १८२३ कल सेन्टरद्धारा नियंत्रित ) |
| ईमेल | enquiry@labour.gov.hk<br>(हजुरको सोधपूछ प्रक्रियाको ५ दिन भित्र उत्तर दिने प्रयास गर्ने छौ । यदि सम्भव नभए, जानकारीका लागि अन्तरिम प्रत्युत्तर हजुरलाई पठाउने छौ) |
| फ्याक्स | फ्याक्स : ३१०१ ४७०५ |
| पोष्ट | ठेगाना : Statutory Minimum Wage Division<br>(वैधानिक न्यूनतम ज्याला विभाग)<br>1/F, Harbour Building, 38 Pier Road, Central, Hong Kong |

**श्रम विभाग**